वित्तिय संस्थाको रु. ९ करोड ७५ लाख बराबरको प्रति साधारण शेयर रु.१००/–अंकित दरका ९,७५,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुमा थप नयाँ सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) ।

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रू. १००/- प्रति शेयरको दरले

दरखास्तसाथ दिनु पर्ने न्यूनतम कित्ता ५०
दरखास्त दिन पाउने अधिकतम कित्ता ४,८७०

नेपाल ग्रामीण विकास बैंक लि.
NEPAL GRAMEEN BIKAS BANK LTD.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

बुटवल उपमहानगर पालिका १०, कालिकानगर, रुपन्देही, नेपाल ।
फोन नं.: ०७१–४३८९५१,४३८९५२,४३८९५३ फ्याक्स नं.०७१–४३८९५४,
E-mail: info@grameenbanknepal.com, URL: www.grameenbanknepal.com

को थप नयाँ सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सम्बन्धी

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति : २०७४/०५/२७ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७४/०५/३० गते (बैकिङ्ग समय पश्चात)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७४/०६/१० गते (बैकिङ्ग समय पश्चात)

आव्हान-पत्र

स्वीकृत विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफरिङ्ग) मा यस वित्तीय संस्थाका संस्थापक धारण गरेका संस्थापक शेयरधनीहरुले आवेदन दिन पाउने छैनन् ।

यो विवरण-पत्र नभई केवल आव्हान-पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७४/०४/२३ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति २०७४/०५/१४

(१) संस्थाको नाम : नेपाल ग्रामीण विकास बैंक लिमिटेड (Nepal Grameen Bikas Bank Ltd.)

(२) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

(३) संस्थाको रजिष्टर्ड ठेगाना :

यस वित्तीय संस्थाको रजिष्टर्ड (प्रधान कार्यालय) कार्यालय वुटवल उपमहानगर पालिका-१०, कालिकानगर, (साविक बुटवल न.पा.१२) रुपन्देहीमा रहेको छ ।

(४) कारोवार गर्ने मुख्य स्थान :

यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने मुख्य स्थान प्रधान कार्यालय वुटवल १२, कालिकानगर, रुपन्देहीमा रहेकोछ । यसको अलावा वित्तीय संस्थाले देशभरका विभिन्न ५३ जिल्लामा ५ वटा क्षेत्रीय कार्यालय र १८६ ईलाका/ शाखा कार्यालयहरु स्थापना गरी आफ्नो वित्तीय कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

(५) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :

गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यले क्षेत्रीय स्तरमा स्थापना भएका पुर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल तथा सुदुरपश्चिमाञ्चल गरी पाँचवटा ग्रामीण विकास बैंकहरु, मर्ज भई एक सवल, सक्षम राष्ट्रिय स्तरको लघुवित्त विकास बैंक निर्माण गर्ने क्रममा यस बैंकको नामबाट मिति २०७१ साउन ३० गते देखि एकिकृत वित्तीय कारोवार शुरु गरी लघुवित्त सेवा संचालन गर्दै आएको छ । यस वित्तीय संस्थाका शेयरधनीहरुलाई समूह "क" र "ख" मा वर्गीकरण गरिएकोछ । समुह "क" अन्तर्गत संस्थापक शेयरधनीहरु र समूह "ख" अर्न्तगत सर्वसाधारण शेयरधनीहरु रहनुभएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाए बमोजिम रहेका छन :

क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
ख) नेपालका ग्रामीण तथा अन्य क्षेत्रमा कृषि, उद्योग र सेवा ब्यबसायहरु संचालन गर्न सुलभ तरीकाबाट ऋण उपलब्ध गराउने,
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण क्षेत्रको विकासमा योगदान पुर्‍याउने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
घ) लक्षित वर्गलाई बैंकिङ्ग सेवा प्रदान गर्ने,
ङ) ग्रामीण क्षेत्रका विपन्न वर्ग र खासगरी महिलाहरुलाई समूहमा आवद्ध गराई सामूहिक जमानीमा कर्जा तथा अन्य सामाजिक क्रियाकलापको माध्यमबाट उनीहरुको रोजगारी र आर्थिक एवं सामाजिक अवस्थामा सुधार ल्याउन सहयोग पुर्‍याउने र
च) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

(६) संगठित संस्थाको पूँजी संरचना सम्बन्धी जानकारी :

१. अधिकृत पूँजी: यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.१ अर्व रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १०० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।
२. जारी पूँजी: यस वित्तीय संस्थाको जारी पूँजी रु. ६५ करोड ५० लाख रहेकोछ, ।
३. चुक्ता पूँजी: यस वित्तीय संस्थाको तत्काल चुक्ता पुंजी रु.५५,७५,००,०००/– (पचपन्न करोड पचहत्तर लाख) हुनेछ ।

(७) थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पुँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	४५,७८,९६९	६९.९०८%	४५,७८,९६,,९००/–	शत प्रतिशत
२	सर्वसाधारण शेयरधनीहरु	१९,७१,०३१	३०.०९२%	१९,७१,०३,१००/–	शत प्रतिशत
	जम्मा	**६५,५०,०००**	**१००%**	**६५,५०,००,०००/–**	

(८) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :

आधारभूत शेयरधनीहरुको विवरण :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ ब्यबसायमा अनुभव
१.	नेपाल सरकार	संस्थापक	लागु नहुने	लागु नहुने	१९,७५,८०३	लागु नहुने	लागु नहुने
२.	नेपाल राष्ट्र बैंक, वालुवाटार, काठमाण्डौं	संस्थापक	"	"	१,९९,९८८	"	"
३.	नेपाल बैंक लि., धर्मपथ, काठमाण्डौं	संस्थापक	"	"	१,९०,१०५	"	"
४.	राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवारप्लाजा, काठमाण्डौं	संस्थापक	"	"	१,५०,३२९	"	"
५.	हिमालयन बैंक लि., काठमाण्डौं	संस्थापक	"	"	९५,९९६	"	"
६.	नेपाल बंगलादेश बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	९,६८१	"	"
७.	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	४८५९८	"	"
८.	नविल बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	५३६३५	"	"
९.	स्ट्याण्डर्ड चार्टड बैंक नेपाल लि., काठमाण्डौं	संस्थापक	"	"	६००	"	"
१०.	नेपाल एस.वि.आई बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	९२८१०	"	"
११.	कृषि विकास बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	६९८	"	"
१२.	बैंक अफ काठमाण्डौं लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	६९८	"	"
१३.	निर्धन उत्थान बैंक लिमिटेड, काठमाण्डौं	संस्थापक	"	"	१९१९९२	"	"
१४.	पिपुल्स इनभेष्टमेण्ट कम्पनी लिमिटेड,	संस्थापक	"	"	६७०००८	"	"
१५.	सुप्रिम डेभलपमेण्ट बैंक लिमिटेड,	संस्थापक	"	"	२३३	"	"
१६.	निक्षेप तथा कर्जा सुरक्षण लिमिटेड,काठमाण्डौं	संस्थापक	"	"	३१९४	"	"
१७.	बैंकका शेयर सदस्य र कर्मचारीहरु	संस्थापक	"	"	७९०९८६	"	"
१८.	एच.पि. अग्रवाल एण्ड कम्पनी	संस्थापक	"	"	४१९८	"	"
१९.	बन्दीकापुर ब.सहकारी संस्था	संस्थापक	"	"	१२२८७	"	"

संचालकहरुको विवरण :

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (बर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	प्रस्तावित ब्यापार/ ब्यबसायमा अनुभव
१.	पिपुल्स इन्भेष्टमेण्ट कम्पनी लिमिटेडको तर्फबाट प्रतिनिधी–श्री माणिकरत्न शाक्य काठमाण्डौ महानगरपालिका-२४	अध्यक्ष	४९	नेपाली	६७०००८	बि.कम	- सुन चाँदी व्यवसाय । - सुन चाँदी व्यवसायी महासंघको बरिष्ठ उपाध्यक्ष । - सुन चाँदी व्यवसायी संघको अध्यक्ष । - नेपाल सुन चाँदी कम्पनी प्रा.लि.को कार्यकारी अध्यक्ष । - पिपुल्स इन्भेष्टमेण्ट कम्पनी लि.को संचालक । - गर्जाङ्ग उपत्यका हाइड्रोपावर लि.को अध्यक्ष ।
२.	नेपाल राष्ट्र बैंकको तर्फबाट प्रतिनिधी–हरीशरण के.सी चन्द्रागीरी न.पा.-३, काठमाण्डौ	संचालक	५०	नेपाली	१९९९८८	चाटर्ड एकाउण्टेण्ट तथा एम.वि.ए	- विगत २९ वर्ष देखि नेपाल राष्ट्र बैंकमा कार्यरत
३.	नेपाल सरकारको तर्फबाट प्रतिनिधी–श्री हिक्मत वहादुर भण्डारी मंगलसेन न.पा. १-छाप, अछाम	संचालक	४२	नेपाली	१९७५८०३	स्नातकोत्तर (अर्थशास्त्र र गणीतमा)	- विगत १२ वर्ष देखि निजामती सेवामा कार्यरत
४.	नेपाल बंगलादेश बैंक लि.को तर्फबाट प्रतिनिधी श्री सुरेश देवकोटा भक्तपुर नगरपालिका -१, सल्लाघारी	संचालक	३५	नेपाली	९६८१०	चाटर्ड एकाउण्टेण्ट तथा स्नातकोत्तर	- नेपाल बंगलादेश बैंक लि. मा इ.सं.२००७ देखि लेखा, वित्त, ट्रेजरी तथा अन्तराष्ट्रिय समन्वय विभागमा विभागिय प्रमुखको रुपमा कार्य अनुभव र हाल प्रमुख वित्त अधिकृतको रुपमा कार्यरत विगत ११ वर्ष देखि बैंकिङ क्षेत्रमा कार्यरत - नेपाल बैंक लि.मा निरिक्षण तथा आन्तरिक लेखापरीक्षण विभागमा प्रवन्धकको रुपमा इ.सं.२००५- ७ सम्मको अनुभव । - इ.सं.२००९ देखि चार्टर्ड एकाउण्टेण्टसंस्था नेपालको निर्वाचित पार्षद सदस्यको अनुभव ।
५.	समुह सदस्यको तर्फबाट प्रतिनिधी– जमुना ढकाल बुटवल उ.म.नं.पा -६, रुपन्देही	संचालक	३९	नेपाली	३१९	आई.ए.	- नीजि व्यवसाय र समाजसेवा - विभिन्न सामाजिक संघसंस्थामा संलग्न
६.	समुह सदस्यको तर्फबाट प्रतिनिधी–चन्द्रावती घिमिरे (पौडेल) पोखरा लेखनाथ म.न.पा. -२९, कास्की	संचालक	५५	नेपाली	१५९	स्नातकोत्तर	- विभिन्न सामाजिक संघसंस्थामा संलग्न । - करीव २७ वर्षको अध्यापन अनुभव
७.	सर्वसाधारणको तर्फबाट प्रतिनिधी– प्रज्वलध्वज थापा शान्तीचोक -१, ललीतपुर	संचालक	३०	नेपाली	२७९६	चाटर्ड एकाउण्टेण्ट	- विगत ९ वर्ष देखि फाईनान्सीयल कन्सल्टेन्ट पदमा कार्यरत - नीजि व्यवसाय र समाजसेवा
८.	सर्वसाधारणको तर्फबाट प्रतिनिधी– भेषराज कंडेल तिलोतमा नं.पा -६, रुपन्देही	संचालक	५८	नेपाली	१८३	स्नातक	- सरकारी आयोजनाहरुमा करीव १२ वर्ष काम गरेको अनुभव, विगतमा - सहकारी संस्थाको समितिमा वसेर काम गरेको अनुभव

(९) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम ८.२ मा ९ (नौ) जना संचालकहरु रहने गरी देहाय बमोजिमको संचालक समिति गठनको व्यवस्था गरिएको छ

संस्थापक समूह "क" का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने गरी मनोनित वा निर्वाचित संचालकहरु	
–नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट एक/एक जनाको प्रतिनिधित्व हुने गरी	२(दुई) जना
–बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी र संस्थाबाट प्रतिनिधित्व हुने गरी आपसी समझदारीबाट मनोनित वा निर्वाचित	३(तीन) जना
–बैंकका शेयर सदस्यहरुबाट प्रतिनिधित्व हुने गरी आपसी समझदारीबाट मनोनित वा निर्वाचित	१(एक) जना
जम्मा	**६ (छ) जना**
सर्वसाधारण समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी आपसी समझदारीबाट मनोनित वा निर्वाचित	२ (दुई)जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक	१ जना
जम्मा	**९ जना**

संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम १३ (२) मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि यस वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ तर राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

(१०) सीमित दायित्व सम्बन्धी विवरण :

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(११) वित्तिय संस्थाको विगत ५ वर्षको लागि लेखापरिक्षण भएको वित्तिय विवरणहरु देहाय बमोजिम रहेको छ :

वासलात

पुंजी तथा दायित्व	वास्तविक रु. हजारमा					*०७३/०७४ आषाढ मसान्त
	आ.ब. ०६८/०६९	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	
१. शेयर पूँजी	६६,०००	११५,०००	४०७,०६७	५,५७,५००	५,५७,५००	५,५७,५००
२. जगेडा तथा कोषहरु	३९,९४४	४८,५९९	(५,८८,४४३)	(२,३९,६२५)	१२,९८८	१,७३,३७७
३. ऋणपत्र तथा बण्ड	–	–	–	–	–	–
४. तिर्न बाँकी कर्जा सापट	९,१९,२५५	१,०६७,१०५	३,४५१,५२०	३५,१६,९७८	४२,९६,१५६	४५,३६,२३२
५. निक्षेप दायित्व	३,०५,०२६	३,३८,३९०	१,१९७,३२९	१४,१०,७४४	१८,१९,४०७	२२,५७,३७१
६. भुक्तानी दिनु पर्ने बिलहरु	–	–	–	–	–	–
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१०,५२६	१५,०००	–	–	–	–
८. आयकर दायित्व	२,७३३	–	१,६५८	२२,५८१	–	६९,१८५
९. अन्य दायित्व	१,११,४२७	१,३०,६९३	९,१६,८३६	९,७४,४३४	९,७६,०४२	१३,३९,४६८
कुल पूँजी तथा दायित्व	**१४,५४,९११**	**१७,१४,७८७**	**५३,८५,९६७**	**६२,४२,६१२**	**७६,६२,०९३**	**८९,३३,१३४**

सम्पत्ति	वास्तविक रु. हजारमा					*०७३/०७४ आषाढ मसान्त
	आ.ब. ०६८/०६९	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	
१. नगद मौज्दात	६,७४८	६,६२१	२१,५१८	२५,८२७	२३,७३३	३३,२६९
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५४५	१८६	१७,३७१	१४,३३६	७३६	७१७
३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात	४,२६,८८२	४,५९,३६५	८,१८,०७९	५,१०,९३६	७,४४,१०५	५,२१,४००
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	–		१,४०,२९२	–	–	–
५. लगानी	८५,१२०	११,९००	१,२५,६६९	६३,६५४	१६,६५४	८,५५४
६. कर्जा सापट तथा बिल खरिद	८,४३,१७८	१०,१५,५३०	३५,५४,२४८	४९,१८,९१५	६०,८३,६१८	७३,९४,३४२
७. स्थिर सम्पत्ति	६,९७५	८,९६६	३२,५३४	२८,८८५	२८,५८८	३४,५३६
८. गैर बैंकिंङ्ग सम्पत्ति	–	–	–	–	–	–
९. अन्य सम्पत्ति	८५,४६३	२,१२,२१९	६,७६,२५७	६,८०,०५९	७,६४,६५९	९४०,३१६
कुल सम्पत्ति	**१४,५४,९११**	**१७,१४,७८७**	**५३,८५,९६७**	**६२,४२,६१२**	**७६,६२,०९३**	**८९,३३,१३४**

नोट: आ.व. ०६८/०६९,०६९/०७० र ०७०/०७१ को तथ्यांक तत्कालिन पश्चिमाञ्चल ग्रामीण विकास बैंकको उल्लेख गरिएको छ । (यस बैंकमा अन्य ४ वटा ग्रामीण विकास बैंकहरु मर्ज भई नेपाल ग्रामीण विकास बैंक लि.को रुपमा मिति २०७१ श्रावण ३० गते एकिकृत कारोवार शुरु भएको ।

नाफा–नोक्सान हिसाब

विवरण	वास्तविक रु. हजारमा					*०७३/०७४ आषाढ मसान्त
	आ.ब. ०६८/०६९	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	
१. व्याज आम्दानी	२,१०,६०९	२,३१,४१४	७,२९,४९९	८,८८,८६९	११,४७,१०५	१४,१९,३६१
२. व्याज खर्च	९३,६५१	९०९३९	२,९१,०००	२,४१,९८९	२,८६,१७५	४,१५,७६६
खुद ब्याज आम्दानी	**१,१६,९५८**	**१,४०,४७५**	**४,३८,४९९**	**६,४६,८८०**	**८,६०,९२९**	**१०,०३,५९४**
३. कमिशन तथा डिस्काउण्ट	८३८	३५८	–	–	–	–
४. अन्य संचालन आम्दानी	१७,७९९	२१,७९१	७१,०३६	८०,३९४	९७,४४३	१,१५,२५३
५. सटही घटबढ आम्दानी	–	–	–	–	–	–
कुल संचालन आम्दानी	**१,३५,५९५**	**१,६२,६२५**	**५,०९,५३५**	**७,२७,२७४**	**९,५८,३७३**	**११,१८,८४७**
६. कर्मचारी खर्च	८१,२०४	७०५३४	७,२९,९९५	४,३८,९९४	४,७१,४६६	७,४३,९६३
७. अन्य संचालन खर्च	२१,१६९	२८६३९	७८,३५३	७०,८७७	८८,९५८	९०,६२३
८. सटही घटबढ नोक्सान	–	–	–	–	–	–
सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा	**३३,२२१**	**६३,४५१**	**(२,९८,८१३)**	**२,१७४०३**	**३,९७,९४८**	**२,८४,२६२**
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	६७,९३१	३२,९९०	८,९२१	(२२,३४१)	२४,८४३	१,०१,९४७
संचालन मुनाफा/(नोक्सान)	**(३४,७०९)**	**३०,४६१**	**(३,०७,७३४)**	**२,३९,७४४**	**३,७३,१०६**	**१,८२,३१५**
१०.गैर संचालन आम्दानी/(नोक्सान)	७०८	४१४	३,४३२	२	२,८००	१,१३१
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	४३,२६८	२८५३२	-	–	–	६९,६७६
नियमित कारोवारबाट भएको मुनाफा	**९,२६७**	**५९,४०८**	**(३,०४,३०१)**	**२,३९,७४६**	**३,७५,९०५**	**२,५३,१२२**
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	१,६०६	१,७११	(४२२)	२,५३८	१,९१८	५५८
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	११९४	११४५	–	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	**१०,८७५**	**६१,१२०**	**(३,०४,७२३)**	**२,४२,२८३**	**३,७७,८२३**	**२,५३,६७९**
१३.कर्मचारी बोनस व्यवस्था	९८८	५,५५६	३,२६९	२२,०१८	३४,३४८	२३,०६२
१४.आयकर व्यवस्था	९,४३७	१६,५१७	(१०,५०५)	३८,६३७	८७,४५१	६९,१८५
यस वर्षको	१०,४३०	१७,१०७	१८,४७९	६८,२२१	१,११,०७९	६९,१८५
गत वर्षको	११४	–	१,८१५	–	१,९७६	–
यस वर्षको स्थगन कर (आम्दानी)र खर्च	१,१०८	(५८९)	३०,७९९	२९,५८४	२५,६०४	–
खुद मुनाफा/(नोक्सान)	**४४९**	**३९,०४६**	**(२,९७,४८७)**	**१,८१,६२९**	**२,५६,०२५**	**१,६१,४३२**
शेयर संख्या (हजारमा)	६६०	११५०	४,०७१	५,५७५	५,५७५	५,५७५
प्रति शेयर आम्दानी (रु.)	०।६९	३३।९५	(७३।०८)	३२।५८	४५।९२	२८।९६

***आ.व. ०७३/०७४ को आषाढ मसान्तको वित्तीय विवरण अपरिष्कृत वित्तीय विवरण हो ।**

(१२) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाका आधारहरु :

वासलात

पुंजी तथा दायित्व	प्रक्षेपित रु. हजारमा		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. शेयर पूँजी	६,५५,०००	६,५५,०००	६,५५,०००
२. जगेडा तथा कोषहरु	३,०८,०७७	६,२५,२४८	९,५५,१२१
३. ऋणपत्र तथा बण्ड	–	–	–
४. तिर्न बाँकी कर्जा सापट	५४,४३,४७९	६५,३२,१७४	७८,३८,६०९
५. निक्षेप दायित्व	३१,६०,३२०	४१,०८,४१६	५३,४०,९४१
६. भुक्तानी दिनु पर्ने बिलहरु	–	–	–
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	–	–	–
८. आयकर दायित्व	१,२६,४६७	१,३५,९३०	१,४१,३७४
९. अन्य दायित्व	१८,७५,२५५।६७	१९,६९,०१८	२०,०८,३९८।८२
कुल पूँजी तथा दायित्व	**१,१५,६८,५९८**	**१,४०,२५,७८७**	**१,६९,३९,४४४**

सम्पत्ति	प्रक्षेपित रु. हजारमा		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. नगद मौज्दात	२५,५५०	३३,६७४	४५,९२४
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८४६	८८९	१,३३३
३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात	३,३८,९१०	६,१०,०३८	९,१५,०५६
४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	–	–	–
५. लगानी	८,५५४	८,५५४	८,५५४
६. कर्जा सापट तथा बिल खरिद	१,०३,३९,११०	१,२४,०३,०२९	१,४८,७७,१९३
७. स्थिर सम्पत्ति	३१,४४७	३४,५९२	३८,०५१
८. गैर बैंकिंङ्ग सम्पत्ति	–	–	–
९. अन्य सम्पत्ति	८,२४,१८०	९,३५,०१३	१०,५३,३३३
कुल सम्पत्ति	**१,१५,६८,५९८**	**१,४०,२५,७८७**	**१,६९,३९,४४४**

नाफा–नोक्सान हिसाब

विवरण	प्रक्षेपित रु. हजारमा		
	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६	आ.ब. ०७६/०७७
१. व्याज आम्दानी	१५,५९,९५१	१८,६४,३०५	२०,९५,४४४
२. व्याज खर्च	४,७०,४०७	५,५३,००७	६,२४,६६३
खुद ब्याज आम्दानी	१०,८९,५४४	१३,११,२९८	१४,७०,७८१
३. कमिशन तथा डिस्काउण्ट	–	–	–
४. अन्य संचालन आम्दानी	१,३८,३०३	१,४५,२१९	१,५२,४८०
५. सटही घटबढ आम्दानी	–	–	–
कुल संचालन आम्दानी	१२,२७,८४७	१४,५६,५१६	१६,२३,२६१
६. कर्मचारी खर्च	७,०७,१९९	८,८३,९९९	१०,३४,२७८
७. अन्य संचालन खर्च	९५,१५४	१,०९,४२७	१,२०,३७०
८. सटही घटबढ नोक्सान	–	–	–
सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा	४,२५,४९४	४,६३,०९०	४,६८,६१२
९.सम्भावित नोक्सानी व्यवस्थाहरु	४०,३९७	४७,३८४	३९,५८६
संचालन मुनाफा/(नोक्सान)	३,८५,०९७	४,१५,७०७	४,२९,०२६
१०.गैर संचालन आम्दानी/(नोक्सान)	१,३५७	१,४९३	१३
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	७६,६४४	८०,४७६	८८,५२३
नियमित कारोवारबाट भएको मुनाफा	४,६३,०९८	४,९७,६७५	५,१७,५६२
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	६१३।३८	७३६	८१०
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	४,६३,७११	४,९८,४११	५,१८,३७२
१३.कर्मचारी बोनस व्यवस्था	४२,१५६	४५,३१०	४७,१२५
१४.आयकर व्यवस्था	१,२६,४६७	१,३५,९३०	१,४१,३७४
यस वर्षको	१,२६,४६७	१,३५,९३०	१,४१,३७४
गत वर्षको	–	–	–
यस वर्षको स्थगन कर (आम्दानी)र खर्च	–	–	–
खुद मुनाफा/(नोक्सान)	२,९५,०८९	३,१७,१७१	३,२९,८७३
शेयर संख्या (हजारमा)	६,५५०	६,५५०	६,५५०
प्रति शेयर आम्दानी (रु.)	४५।०५	४८।४२	५०।३६

विगत तथा आगामी ३ वर्षमा नेटवर्थमा भएको औसत प्रतिफल :

विवरण	वास्तविक रु. हजारमा			आ.ब.०७३/०७४	प्रक्षेपित रु. हजारमा		
	आ.व.७०/०७१	आ.व.७१/०७२	आ.व.७२/०७३	आषाढ मसान्तसम्ममा	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६	आ.व.२०७६/०७७
चुक्ता पुंजी	४,०७,०६७	५,५७,५००	५,५७,५००	५,५७,५००	६,५५,०००	६,५५,०००	६,५५,०००
जगेडा तथा कोषहरु	(५,८८,४४३)	(२,३९,६२५)	१२,९८८	१,७३,३७७	३,०८,०७७	६,२५,२४८	९,५५,१२१
कुल	**(१,८१,३७६)**	**३,१७,८७५**	**५,७०,४८८**	**७,३०,८७७**	**९,६३,०७७**	**१२,८०,२४८**	**१६,१०,१२१**
घटाउने : अपलेखन गर्न बाँकी खर्च	(३,६३८)	-	-	-	-	-	-
कुल नेटवर्थ	**(१,८५,०१४)**	**३,१७,८७५**	**५,७०,४८८**	**७,३०,८७७**	**९,६३,०७७**	**१२,८०,२४८**	**१६,१०,१२१**
शेयर संख्या (हजारमा)	४,०७१	५,५७५	५,५७५	५,५७५	६,५५०	६,५५०	६,५५०
प्रति शेयर नेटवर्थ (रु.)	(४५।४५)	५७।०२	१०२।३३	१३१।१०	१४७।०३	१९५।४६	२४५।८२
प्रति शेयर चुक्ता पुंजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१६०।७९%	५७।१४%	४४।८८%	२२।०९%	३०।६४%	२४।७७%	२०।४९%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				**४५.०३%**			

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व.०७४/०७५	आ.व.०७५/०७६	आ.व.०७६/०७७
१. कुल निक्षेपमा औषत बृद्धिदर	७३।७०%	३०।००%	३०।००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर	७०।००%	१९।९६%	१९।९५%
३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात	११२।००%	११०८%	११०४%
४. कुल आयमा औषत बृद्धिदर	११०।६६%	११८।३३%	१११।८६%
५. कुल खर्चमा औषत बृद्धिदर	९७।११%	१२१।३७%	११४।१२%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	४७।२५%	४९।४४%	५१।३७%
७. खुद मुनाफामा औषत बृद्धिदर	८२।७९%	७।४८%	४।००%
८. निक्षेपको औषत व्याजदर	६।००%	५।५०%	५।००%
९. कर्जा तथा सापटको औषत व्याजदर	१८।५०%	१६।००%	१५।००%
१०. आयकर व्यवस्था	३०।००%	३०।००%	३०।००%
निस्क्रिय कर्जा सापट	२।८५%	२।६२%	२।३०%
लगानीमा प्रतिफल	–	–	–
अन्य संचालन खर्चका वृद्धिदर	५।००%	१५।००%	१०।००%
कर्मचारी खर्चमा बृद्धिदर	(४।९४)%	२५।००%	१७।००%
% of provision on total gross loan	३।४५%	३।२५%	२।९८%
१२.बैद्यानिक तरलता अनुपात (SLR)	९।६३%	९।८७%	१०।०१%
१३.पूँजी पर्याप्तता (CRR)	५।५७%	५।६१%	५।९०%

द्रष्टव्य : कम्पनीको वित्तिय प्रक्षेपण कम्पनी आफैले गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा आर.के.एस एण्ड एसोशिएट्स,चार्टड एकाउण्टेण्टका चार्टड एकाउण्टेण्ट श्री राजेश कुमार साह रहनु भएको छ

(१३) अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :
  १.निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
  २.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम : लागु नहुने ।
(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :
  १.नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
  २.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम : लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम : लागु नहुने
(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागु नहुने ।
(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम ।
  १.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
  २.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति /निर्देशन तथा विद्यमान नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
(झ) संचालन इतिहास : पाँच विकास क्षेत्रमा रहेका साविकका पाँच ग्रामीण विकास बैंकहरु एक आपसमा मर्ज भई मिति २०७१ साउन ३० गते देखि नेपाल ग्रामीण विकास बैंक लि.ले आफ्नो लघुवित्तीय कारोवार संचालन गरिरहेको ।
(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः लागु नहुने ।
(ट) अन्य :
  १. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
  २. देशको राजनैतिक वातावरणबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
  ३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
  ४. वित्तीय संस्थाले केहि संस्थाको धितोपत्रहरुमा लगानी गरेकोले ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको व्यवस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको छ । यसै गरी संस्थागत सुशासनलाई उच्चतम प्राथमिकता दिई पारदर्शी ढंगले कार्य गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

(१४) वित्तीय संस्थाको सकारात्मक पक्षहरु :

- बैकिंङ्ग तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्धारा संचालित ।
- आर्थिक र प्रतिष्पर्धी बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।
- शेयर रजिष्ट्रार सम्बन्धी सम्पूर्ण कार्य श्री प्रभु क्यापिलट लिमिटेड, कमलादी, काठमाडौंले गर्दछ ।

(१५) धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यवस्था :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको नयाँ थप साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धी निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयरको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम संचालक समितिले निर्णय गरी बिक्रि वितरण तथा बांडफांड गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिकरुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र (Allotment Letter) र रकम फिर्ता भुक्तानी दिइनेछ वा आवेदकले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईनेछ । साथै "धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप आस्वा (ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा सम्बन्धित बैंक तथा वित्तिय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

(ग) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :
"धितोपत्रको निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको शेयरको बांडफांड गरी शेयरधनीले दरखास्त फारममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गरिनेछ ।

(घ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण : बैंकको हाल कायम शेयर नेपाल स्टक एक्सचेन्ज लि.मा सुचिकरण रहेकोछ । थप निष्काशन गरिने नयाँ साधारण शेयर बांडफांड पश्चात सूचिकरण गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण :
थप नयाँ निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण सम्बन्धी प्रचलित व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

(१६) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्गमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र बैंकको रजिष्टर्ड कार्यालय, वुटवल नगरपालीका १२, कालिकानगर, रुपन्देही वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ ।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा ५० (पचास) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले ५० कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम ४,८७० -चार हजार आठ सय सत्तरी) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ । ५० (पचास) कित्ताभन्दा वढी शेयरका लागि दरखास्त दिंदा १० (दश) अंकको गुणाङ्क संख्यामा दिनु पर्नेछ ।

(१७) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

क) विवरणपत्र पाइने स्थान

सि.नं.	कम्पनीको नाम, ठेगाना
१.	प्रभु क्यापिटल लि., कमलादी,काठमाडौं
२.	नेपाल ग्रामिण विकास बैंक लि., बुटवल, रुपन्देही

ख) दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

(१८) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने नयाँ शेयर खरिद गर्नका लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्था सदस्यहरुको कुनै पनि कार्यालयबाट दरखास्त दिन सक्नेछन् ।
२. दरखास्तवालाले शेयर खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ ।
  क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने ।
  ख) आवेदन दिँदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने ।
  ग) आफ्नो बैंक खाता र Demat खाता सहि/स्पष्ट उल्लेख गरिनुपर्ने ।
  घ) आवेदकले आफु स्वयंको Demat खाता उल्लेख गर्नुपर्ने ।
  ङ) आवेदन गरेको निस्सा/प्रमाण, बैंक/वित्तीय संस्थासँग अनिवार्य लिनुपर्ने ।
  च) बैंक खाता रोक्का भएको यकिन गर्नुपर्ने ।
  छ) रु. १० लाख रुपैयाँ वा सो भन्दा बढि आवेदन गर्ने आवेदकले आफुले आवेदन गर्दा दरखास्त फाराममा स्थायी लेखा नम्बर (PAN) दरखास्त फाराममा अनिवार्य उल्लेख गर्नुपर्ने ।
३. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नुहँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन ।

(१९) धितोपत्र विक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट ४ दिन र बढिमा १५ दिन सम्म खुल्ला रहनेछ ।

(२०) क्रेडिट रेटिङ्ग सम्बन्धि व्यवस्था :

स्वीकृत विवरण अनुसार सर्वसाधारणलाई निष्काशन गरिने थप सार्वजनिक निष्काशन शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई औषत भन्दा तल आधार जनाउने ग्रेड ४ प्राप्त गरेको छ । ईक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलियो आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २,३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितीलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धि विवरण यस विवरण पत्रको अनुसूचिमा संलग्न गरिएको छ ।

(२१) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन ।

गुनासो सुन्ने अधिकारीको विवरण : नाम : सविता अर्याल **पद :** प्रमुख विजनेश डेभलपमेन्ट डिपार्टमेन्ट **फोन नं :** ४२२२९३९/९८७

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

PRABHU CAPITAL
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Limited)